# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ | वर्ष:२ | महिना:चैत्र | आ.व:२०८२/८३

मिति २०८२/१२/०२ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्दन कार्यक्रम अन्तर्गत योग तथा ध्यान कार्यक्रम मंगला गाउँपालिका वडा नं.२ बाबियाँचौर मंगला माध्यमिक विध्यालयमा, विध्यलाका प्रध्यानाध्यापक श्री गम बहादुर खत्री ज्यू , लगायत अन्य शिक्षक, स्वास्थ्य शाखा मंगलका स्वास्थ्यकर्मीको उपस्थितिमा कार्यक्रम सम्पन्न गरियो । योग तथा ध्यानको मानसिक स्वास्थ्य संगको महत्व र योग गराउन मनोविद श्री सरिता अर्याल ज्यूले सहजीकरण गर्नु भएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री रेजिना बरुवाल ज्यूले कार्यक्रम संचालन गर्नुभयो ।





मिति २०८२।१२।०६ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बबन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम मंगला गाँउपालिका म्याग्दीमा सम्पन्न भएको छ । प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख श्री भुवन ठकुराठी ज्युको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा गाँउपालिका अध्यक्ष सत प्रसाद रोका ज्युको प्रमुख आतिथ्यता र उपाअध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत ज्युको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो , स्थानिय तह अन्तर्गत विभिन्न शाखाका प्रमुख एवम स्वास्थ्य प्रतिनिधिका साथै अन्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रमको संचालन स्वास्थ्य शाखा प्रमुख बालकृष्ण शर्मा गर्नुभएको थियो भने जनस्वास्थ्य कार्यालय प्रमुख र पोषण फोकल पर्सन गणेश सुबेदी ज्युको सहजिकरणमा सम्पन्न भएको थियो ।





# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ | वर्ष:२ | महिना:चैत्र | आ.व:२०८२/८३


मिति २०८२/१२/५ र ६ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी म्याग्दीको आयोजनामा ANC to PNC Continuum of Care, PRTP तथा MPDSR सम्बन्धी कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यलय बेनी,म्याग्दी कार्यलय प्रमुख श्री भुवन ठकुराठि ज्यू को अध्यक्षतामा सफलतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यक्रममा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न ANC देखि PNC सम्मको निरन्तर सेवामा जोड दिँदै PRTP तथा MPDSR प्रणालीको प्रभावकारी कार्यान्वयनका विषयमा छलफल तथा अनुभव आदान–प्रदान गरिएको थियो।









आज मिति २०८२ साल चैत्र महिनाको १० गते मंगलबारका दिन प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा विश्व क्षयरोग दिवसको अबसरमा, हो! हामी क्षय्रोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान, हाम्रो योगदान" भन्ने मूल नाराका साथ प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीका कार्यालय प्रमुखको अध्यक्षतामा र पत्रकार तथा सरोकारवालाहरु उपस्थितिमा क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।







# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको
# मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ वर्ष:२ महिना:चैत्र आ.व:२०८२/८३

आज मिती २०८२ साल चैत्र महिनको १२ गते बिहीवारका दिन प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा औलो रोग पहिचान,उपचार पद्धति, प्रतिकार्य र इन्टोमोलोजी सम्बन्धी १ दिने तालिम/अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।कार्यक्रमको सहजीकरण प्रादेशिक जनस्वास्थ्य केन्द्र कास्की, पोखराका भेक्टर कन्ट्रोल अधिकृत श्री यम बरालले गर्नुभएको थियो भने विभिन्न स्थानीय तहका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।








मिति २०८२/१२/११ देखि २०८२/१२/१२ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा जिल्लाका स्थानिय तहका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य शाखा प्रमुखहरुका लागि औषधी तथा औषधिजन्य सामग्रीहरुको Quantification and Forecasting Workshop कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दिका का कार्यालय प्रमुख भुवन ठकुराठि ज्युको अध्यक्षतामा सम्पन्न भएको छ। स्थानिय तहहरुमा आवश्यक पर्ने आधारभुत औषधीहरुको परिमाण निर्धारण, आवश्यक बजेटको अनुमान गर्ने,आपुर्ति योजना तयार गर्ने र आकलन गरिएको परिमाणसँग आर्थिक स्रोतको तुलना गर्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिएको छ। कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालयका तथ्याङ्क सहायक सुशिल ओझा ज्युले गर्नुभएको थियो । कार्यक्रममा जलजला गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत अन्जली पिसी.,को सहजिकरण रहेको थियो। कार्यक्रममा जिल्लाका स्थानीय तहवाट स्वास्थ्य शाखा प्रमुख तथा प्रतिनिधि गरी जम्मा १२ जनाको सहभागिता रहेको थियो।







मिति २०८२।१२।०८देखि १० सम्म प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा स्तनपान परामर्श सम्बन्धी तालिम सम्पन्न भएको छ।



मिति २०८२/१२/१५ गते देखि मिति २०८२/१२/१६ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत आ.व . २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय अर्धवार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीका कार्यालय प्रमुख श्री भुवन ठकुराठी ज्यूको अध्यक्षतामा सु सम्पन्न गरियो । कार्यक्रमको प्रमुख अतिथिको रुपमा बेनी, म्याग्दीका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.रामु सापकोटा रहनु भएको थियो। कार्यक्रममा आधारभूत अस्पताल, दरवाङका मेडिकल अधिकृत डा. विजय बस्नेत, प्रदेश आयुर्वेद चिकित्सालय, बेनी, म्याग्दी र स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य चौकी प्रमुख लगायतका स्वास्थ्यकर्मीहिरुको उपस्थिति रहेको थियो ।







मिति २०८२/१२/ ११ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा मंगला गाउँपालिका वडा न.५ अर्मन स्वास्थ्य चौकीमा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्दन कार्यक्रम सम्बन्धीत वडाअदक्ष्य , जनप्रतिनिधि, शिक्षक, नागरिक अगुवा, र अर्मन स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीको उपस्थितिमा सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीका जनस्वास्थ्य अधिकृत रेजिना बरुवाल ज्यूले कार्यक्रम संचालन गर्नुभएको थियो भने मनोविद सरिता अर्याल ज्यूले सहजीकरण गर्नु भएको थियो।





आज मिति २०८२ साल चैत्र महिनको १७ गते मंगलवारका दिन प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा आ.व २०८१/८२को जिल्ला स्तरिय क्षयरोग कोहर्ट विश्लेषण तथा वार्षिक समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको सहझिकरण प्रादेशिक जनस्वास्थ्य केन्द्र कास्की, पोखराका क्षयकुष्ठ अधिकृत श्री लक्ष्मण बसौला सरले गर्नुभएको थियो भने विभिन्न स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा प्रदेश अस्पताल र स्वास्थ्य संस्थाहरूका क्षयरोग फोकल पर्सनहरूको सहभागिता रहेको थियो।





# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ | वर्ष:२ | महिना:चैत्र | आ.व:२०८२/८३


मिति २०८२/१२/१९ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा अन्नपूर्ण गाउँपालिका ४ नारच्याङ स्वास्थ्य चौकीमा परिवार नियोजन सेवा सुदृढीकरण (सुक्ष्म योजना) संस्था स्तरिय माइक्रो प्लानिङ सम्पन्न भएको छ।संस्था प्रमुख ज्युको संचालनमा भएको कार्यक्रममा जनस्वास्थ्य कार्यालय म्याग्दीका परिवार नियोजन निरिक्षक गणेश सुवेदी र अन्नपूर्ण गाउँपालिकाका जनस्वास्थ्य अधिकृत दिपक शर्मा ज्युले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा परिवार नियोजन कार्यक्रमको तथ्याङ्क गुणस्तर सुधार तथा कार्यक्रम प्रभावकारी संचालनका लागि आवश्यक कार्ययोजना समेत निर्माण गरिएको थियो।






मिति २०८२गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय २०/१२/२०८२गते देखि १८/१२/,बेनी म्याग्दीको आयोजनामा प्रसुती प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि Onsite Coaching/Mentoring कार्यक्रम मंगला गाउँपालिका अन्तर्गत अर्मन स्वास्थ्य चौकीमा प्रदेश जनस्वास्थ्य कार्यलय,बेनी ,म्याग्दीका कार्यालय प्रमुख श्री भुवन ठकुराठि ज्यु को अध्यक्षतामा सम्पन्न भएको छ।जसमा सामान्य प्रसुती ,प्रसुती पश्चातको अत्यधिक रक्तश्राव व्यस्थापन, CondomTamponade,Kangaroo Mother Care,निशासिएको नवशिशुको व्यवस्थापन , Non-pneumatic Anti-Shock Garment (NASG) र recording reporting जस्ता विषयमा ज्ञान सिपको विकास गरिएको थियो । Onsite Coaching मा २ जना सेवा प्रदायकहरुलाई दरबाङ्ग आधारभुत अस्पतालमा कार्यरत श्री एलिना पुर्जा ज्युले Mentoring गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय म्याग्दीका पब्लिक हेल्थ नर्स सारती कुवँरले गर्नु भएको थियो। Onsite Coaching को तेस्रो दिन गुणस्तर सुधार अनुगमन )QIP) गरि सुधारको लागि स्वास्थ्य चौकी व्यवस्थापन समितीका पदाधिकारीहरु सङ्ग बैठक बसी सुधार गर्नुपर्ने विषयमा कार्ययोजना तयार बनाइ कार्यक्रम स-सम्पन्न गरियो ।






मिति २०८२।१२।२६ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, 2049 तथा नियमावली, 2051 सम्बबन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम मालिका गाँउपालिका म्याग्दीमा सम्पन्न भएको छ । उक्त कार्यक्रम गाँउपालिका उपाअध्यक्ष लक्ष्मिदेवि घर्ती मगर ज्युको अध्यक्षतामा , प्रमुख प्रशासकिय अधिकृत ज्युको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो , स्थानिय तह अन्तर्गत विभिन्न शाखाका प्रमुख एवम स्वास्थ्य प्रतिनिधिका साथै अन्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रमको संचालन स्वास्थ्य शाखा उपप्रमुख राजेश थापा मगरले गर्नुभएको थियो भने स्वागत मन्तव्य स्वास्थ्य शाखा प्रमुख सन्तु कुमारि कार्किले राख्नुभएको थियो।मालिका गाउँपालिकाका जनस्वास्थ्य अधिकृत र पोषण फोकल पर्सन गणेश सुबेदी ज्युको सहजिकरणमा सम्पन्न भएको थियो ।






## म्याग्दी जिल्लाका स्थानीय तहहरुमा चैत्र महिनामा भएका कार्यक्रमहरु;

### बेनी नगरपालिका;

- जेष्ठ नागरिक, घरभेट तथा परामर्श
- नसर्ने रोग तथा मानसिक रोग सम्बन्धी FCHV लाई अभिमुखीकरण
- पूर्ण खोप सुनिश्चितताका लागि घरधुरी सर्वेक्षण
- FCHV मासिक बैठक ।





**मंगला गाउँपालिका**

- कुकुरबिसाउना सामुदायिक स्वास्थ्य इकाई स्थापना
- पूर्ण संस्थागत सुत्केरीयुक्त पालिकाका लागि FCHV तथा जनप्रतिनिधि, स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखीकरण तथा कार्ययोजना निर्माण
- पूर्ण खोपका लागि घरधुरी सर्वेक्षण ।







**मंगला गाउँपालिका**

- CBIMNCI समिक्षा
- नसर्ने रोग सम्बन्धी अभिमुखीकरण ।





**धवलागिरी गाउँपालिका**

- पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम (वडा नं. ४ )मुदी
- स्थानीय स्तरमा चिकित्सक विस्तार कार्यक्रम
- क्षयरोग समिक्षा
- ANC to PNC समिक्षा ।





